पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

वर्ष : २ पोखरा खण्ड : २२ २०७५ असार १४ गते

भाग १

पोखरा महानगरपालिकाको

**शहरी योजना आयोग गठन तथा सञ्चालन सम्बन्धि नियमावली, २०७४**

**प्रस्तावनाः**

पोखरा लेखनाथ महानगरपालिकाको विकासको लागि शहरी विकास नीति, योजना र कार्यक्रम तर्जुमा गर्न, अनुगमन मुल्यांकन गर्न र प्रमुखलाई आवश्यक राय परामर्श दिन पोखरा लेखनाथ महानगर पालिकामा शहरी योजना आयोगको गठन तथा कार्य सञ्चालन गर्न आवश्यक भएकोले नेपालको संविधानको धारा २१८ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी पोखरा ले खनाथ महानगरपालिका, नगर कार्यपालिकारनगर सभाले मिति २०७४।१२।२८ .को निर्णय अनुसार देहाए बमोजिम नियमावली जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस नियमावलीको नाम "पोखरा लेखनाथ शहरी योजना आयोगको गठन तथा सञ्चालन सम्बन्धि नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली पोखरा लेखनाथ महानगरपालिका सभा (नगर सभा)ले पासगरे पछि तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यस नियमावलीलाई अंग्रेजीमा "Regulations for formation and operation of Pokhara Lekhnath City Planning Commission 2018" भनिने छ ।

४) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) ले दिएको अधिकार अन्तर्गत रही यो नियमावली तर्जुमा गरिएको छ ⁄

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

क) "आयोग" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाको शहरी योजना आयोग सम्झनुपर्छ ।

ख) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनुपर्छ ।

ग) "उपाध्यक्ष" भन्नाले आयोगको उपाध्यक्ष सम्झनुपर्छ ।

घ) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनुपर्छ ।

ङ) "सदस्य-सचिव" भन्नाले आयोगको सदस्य-सचिव सम्झनुपर्छ ।

च) "सचिवालय" भन्नाले आयोगको सचिवालयलाई सम्झनुपर्छ ।

छ) "कर्मचारी" भन्नाले आयोगको लागि तोकिएको कर्मचारी सम्झनुपर्छ ।

ज) "नगर कार्यपालिका" भन्नाले पोखरा लेखनाथ महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

झ) "महानगरपालिका" भन्नाले पोखरा लेखनाथ महानगरपालिकालाई सम्झनुपर्छ ।

ञ) "तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस नियमावली अन्तर्गत आयोगले समय समयमा जारी गरेको निर्देशिका वा कार्यविधिमा तोकिए वमोजिम सम्झनुपर्छ ।

**३. आयोगको गठनः** १) शहरी विकास नीति, योजना तथा कार्यक्रम तर्जुमा, नीतिको अनुसन्धान, अनुगमन, मुल्याकंन गर्न तथा प्रमुखको सल्लाहकारको रुपमा कार्य गर्न देहाय वमोजिमको शहरी योजना आयोग गठन हुनेछ ।

**२) आयोगमा देहाय वमोजिम अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहनेछन्ः**

क) पोखरा लेखनाथ महानगरपालिकाका प्रमुख - अध्यक्ष

ख) विभिन्न क्षेत्रमा विज्ञता हासिल गरेका विज्ञहरुमध्येबाट प्रमुखबाट मनोनित १ जना - उपाध्यक्ष

ग) आर्थिक/सहरी योजना (Urban Planning)र अर्किटेक्चर र वातावरण र भूगोल र समाजशास्त्र विधा र भौतिक बिज्ञान बिषयका विज्ञहरुमध्येबाट प्रमुखबाट मनोनित ४ जना - सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य-सचिव

३) आयोगले आवश्यकता अनुसार स्वदेशी तथा विदेशी बिज्ञ ब्यक्तिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

४) उप दफा (२)को खण्ड (क) र (ख) बमोजिमका उपाध्यक्ष र सदस्य आयोगका पूर्णकालिन पदाधिकारीका रूपमा काम गर्नेछन् ।

**४. आयोगको सदस्यहरुको योग्यताः** देहायको योग्यता भएका व्यक्तिहरु आयोगको सदस्यमा नियुक्त हुन सक्नेछन्ः-

क) नेपाली नागरिक

ख) मान्यता प्राप्त विश्वविध्यालयबाट स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा सात बर्षको विसिष्ठ अनुभव हासिल गरेको,

ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

घ) प्रचलित कानून वमोजिम कालो सूचीमा नपरेको,

ङ) विदेशको आवासीय भिसा, डी भी , पी आर स्वीकार नगरेको

५. आयोगको काम, कर्तव्य र अधिकारस् प्रचलित कानूनमा लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन्

क) नेपालको संविधान, संघीय तथा प्रदेश कानून, राष्ट्रले अवलम्बन गरेको नीति समेतका आधारमा सामाजिक न्यायको दृष्टिकोणबाट आम नागरिकलाई पोखरा लेखनाथ महानगरको समग्र विकास प्रक्रिया र त्यसको प्रतिफलमा पहुंच अभिबृद्धि गराउने गरी शहरी योजना तथा नीति तर्जुमा गर्ने र प्रमुखका लागि आर्थिक योजना र विकाश लगायतका क्षेत्रमा परामर्श दिने ।

ख) महानगरपालिकाको विकासको सम्भावना र अवसरलाई वृहत्तर अध्ययन गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन शहरी योजनाको तर्जुमा गर्ने ।

ग) महानगरपालिकाको आर्थिक, सामाजिक र विकासको समग्र पक्षको वारेमा तथ्याकं संकलन तथा प्रशोधन, अध्ययन अनुसन्धान गरी वा गराई सम्प्रेषण गराउने ।

घ) महानगरपालिका भित्रको वडाहरुको सन्तुलित विकासको लागि आवश्यक शहरी विकास नीति र रणनीति तर्जुमा गर्ने ।

ङ.) महानगरपालिका भित्रको प्राकृतिक स्रोतको दिगो तथा कुशल व्यवस्थापनको लागि आवश्यक नीति तथा योजना बनाउने ।

च) महानगरको कार्यक्षेत्र भित्रका राजश्व र आर्थिक आधिकरको प्रयोग गर्ने र प्रदेश तथा संघीय सरकार संग अनुदान,वैदेशिक सहायता र ऋण प्राप्त गर्ने सम्बन्धमा महानगरको आवधिक ,मध्यकालीन वित्त संरचना तयार गर्ने

छ) महानगरपालिकाको लागि आवश्यक मानव संसाधन विकासको लागि अल्पकालिन तथा दीर्घकालिन योजना तर्जुमा गर्ने ।

ज) महानगरपालिकाभित्र विपद व्यवस्थापनका लागि आवश्यक रणनीति तथा योजना तर्जुमा गर्ने ।

झ) महानगरपालिकाको विकास गर्न १० वर्षे योजना ५ बर्षे कार्ययोजना , २० वर्षे दीर्घकालीन योजना तयार गर्ने र यसको आधारमा योजनाहरुको अध्ययन विस्लेषण गरि आयोजना बैंक तयार गर्ने ।

ञ) महानगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्न प्रमुखलाई आवश्यक सहयोग गर्ने ।

ट) महानगरपालिकाकाले निर्णय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन अनुसन्धान गर्ने तथा नगर कार्यपालिकाले निर्णय गरी तोकिएका विषयहरुमा विशेषज्ञ समुहको रुपमा कार्य गर्ने ।

ठ) महानगरपालिकाले स्वीकृत गरी लागू गरेका नीति योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्यांकन गर्ने ।

ढ) रास्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग संग तथा संघीय तथा प्रादेशिक अर्थ मन्त्रालय संग सम्पर्क र समन्वय गर्ने ।

## ६. आयोगको सदस्यहरुको अयोग्यताः

१) देहायको कुनै व्यक्ति आयोगको सदस्य पदमा नियुक्त हुन अयोग्य मानिनेछः

क) ३५ बर्ष उमेर पूरा नभएको,

ख) मानसिक सन्तुलन बिग्रिएको,

ग) बैंक वा वित्तीय संस्थासंगको कुनै कारोवारमा कालो सूचीमा परी त्यस्तो सूचीबाट फुकुवा भएको मितिले कम्तीमा ५ बर्ष पूरा नभएको,

घ) नैतिक पतन देखिने फौजदारी कसूरमा अदालतबाट सजाँय पाएको,

ङ.) भ्रष्टाचार वा ठगीको कसूरमा अदालतबाट कसूरदार ठहर भएको,

च) विदेशको आवासीय भिसा, डी भी , पी आर स्वीकार गरेको ।

२) कुनै पनि सदस्यको उपनियम (१) मा उल्लिखित अयोग्यता रहेको प्रमाणित भएमा त्यस्तो व्यक्ति सो पदबाट स्वतः हट्नेछ ।

**७. बैठक सञ्चालन सम्बन्धी व्यवस्थाः** आयोगको बैठक सञ्चालन सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

क) अध्यक्षको निर्देशनमा सदस्य-सचिवले बैठक बोलाउने छ ।

ख) बैठकको अध्यक्षता अध्यक्षले वा अध्यक्षको अनुमतिमा उपाध्यक्षले गर्नेछ ।

ग) बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. उपाध्यक्षको काम, कर्तव्य र अधिकार स (१) उपाध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः

क) अध्यक्ष को सहमतीमा महानगर विकाश परिषदको बैठकको आव्हान र संचालन गर्ने,

ख) आयोगसँग सम्बन्धित काम समन्वयात्मक ढंगले सञ्चालन गर्ने, गराउने,

ग) महानगरको समग्र आर्थिक स्थिति, चालु योजना र नगर प्राथमिकताका आयोजना र कार्यक्रमको कार्यान्वयनको स्थितिका बारेमा समय समयमा प्रमुखलाई जानकारी गराउने,

घ) आयोगको नियमित बैठकको मिति, स्थान र छलफलको विषय स्वीकृत गरी प्रमुख समक्ष पेश गर्ने,

ङ) आयोगले सम्पादन गर्नु पर्ने काम कारवाही बारे सदस्यको जिम्मेवारी तोक्ने र तोकिए बमोजिमका अन्य काम गर्ने गराउने,

च) मासिक रुपमा वार्षिक योजना नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन तयार गर्ने तथा प्रत्येक चौमासिक मा महानगर प्रमुख को उपस्थिति मा महानगर विकाश आयोजनाको समस्या समाधान सम्बन्धि बैठकको आयोजना गरी कार्यक्रमको समिक्षा गर्ने

२) आयोगको नियमित काम कारवाहीहरु उपाध्यक्षको निर्देशन अनुरुप सञ्चालन हुनेछन् ।

८. सदस्य-सचिवको काम, कर्तव्य र अधिकारस सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछस

क) अध्यक्षको निर्देशन वमोजिम नियमित वैठक बोलाउने,

ख) आयोगको निर्णय पुस्तिका जिम्मा लिई आयोगको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने,

ग) आयोगको सम्पूर्ण काम कारवाहीलाई व्यवस्थित गर्नेरगराउने,

घ) आयोगको वैठकले तोकिएबमोजिमको अन्य काम गर्नेरगराउने,

ङ) आयोगका निर्णय प्रमाणित गर्ने,

च) आयोगले तोकेबमोजिम अन्य काम हुनेछ ।

९. **सदस्यको काम, कर्तव्य र अधिकारः** सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) आफ्नो जिम्मेवारीको क्षेत्रसँग सम्बन्धित योजना तथा कार्यक्रमहरुमा र ाय दिने र आयोगमा पेश गर्ने,

ख) आफनो जिम्मेवारीको क्षेत्र सँग सम्बन्धित आयोजना तथा कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मल्यांकन गर्ने,

ग) यस नियमावली र अन्य कानून बमोजिम कार्य गर्ने,

घ) उपाध्यक्षले तोकेका अन्य कार्यहरु गर्ने ।

१०. **पदावधिः** आयोगका सदस्यहरुको पदावधि देहाय बमोजिम हुनेछरू

१) सदस्यको पदावधि पाँच बर्षको हुनेछ ।

२) उपनियम (१) बमोजिमको पदावधि बांकी रहेकै अवस्थामा आयोगको कुनै सदस्यको पद रिक्त रहन गएमा त्यसरी रिक्त रहन गएको स्थानमा बाँकी अवधिको लागि अध्यक्षले रिक्त पदमा नियुक्त गर्न सक्नेछ ।

३) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अध्यक्षले आवश्यकता अनुसार सदस्यहरुलाई पदमुक्त गर्न सक्नेछ ।

११. **पद रिक्त हुने अवस्थारु देहायको अवस्थामा सदस्यहरुको पद रिक्त हुनेछः**

क) पदावधि पूरा भएमा,

ख) अध्यक्ष समक्ष राजिनामा दिएमा,

ग) नियम (१०) को उपनियम (३) बमोजिम प्रमुखले अवकाश दिएमा,

घ) मृत्यु भएमा ।

१२. **सदस्यहरुलाई दिईने सुविधाः** आयोगका उपाध्यक्ष र सदस्यहरुलाई मासिक रुपमा अनुसूची १ बमोजिम सुबिधा उपलब्ध हुनेछ ।

१३. **सचिवालय सम्बन्धी व्यवस्थाः**

१) आयोगको दैनिक, प्रशासनिक काम कारवाहीलाई व्यवस्थित, सस्थागत र

नतिजामूखी बनाउनको लागि आयोगको एक सचिवालय हुनेछ ।

२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

क) आयोगले सम्पादन गर्ने काम कारवाहीमा सहयोग पु(याउने,

ख) आयोगको वैठकको लागि प्रस्ताव तयार गर्न सहयोग गर्ने,

ग) आयोगको निर्णयहरु कार्यान्वयन गर्न सहयोग गर्ने,

घ) आयोगले तोकेबमोजिमको अन्य कामहरु गर्ने ।

**१४. कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्थाः** कर्मचारी तथा बजेट सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

क) आयोगमा आवश्यक संख्यामा कर्मचारीहरु रहनेछन्,

ख) आयोगको लागि आवश्यक पर्ने सामान्य सेवाका कर्मचारीहरु महानगरपालिकाका कर्मचारीहरु रहनेछन् । आयोगको आवश्यकतानुसार करार सेवामा कर्मचारीहरु नियुक्त गर्न सकिनेछ,

ग) आयोगको लागि आवश्यक बजेट नगर कार्यपालिकाले विनियोजन गरे बमोजिम हुनेछ ।

१५ महानगर विकास परिषद गठन स् महानगर योजना आयोगलाई निर्देशन तथा सुझाव दिन एवं आयोगले तर्जुमा गरेको अल्पकालीन, दीर्घकालीन वा आवधिक विकास योजना छलफलको लागि देहाय बमोजिमको एक महानगर बिकाश परिषद गठन हुनेछ ।

क) महानगर प्रमुखस् अध्यक्ष

ख) ४ न. प्रदेश को मुख्य मन्त्रिस् बिशिस्ट आमन्त्रित सदस्य

ग) महानगर भित्रका संघ तथा प्रदेशका सांसदस् आमन्त्रित सदस्य

घ) संघीय अर्थ तथा योजना मन्त्रालयको सह(सचिब स्तरको प्रतिनिधिस् सदस्य

ङ.) महानगर उप(प्रमुखस् सदस्य

च) योजना आयोगका सदस्यहरुस् सदस्य

छ) प्रमुखले तोकेका ५ जना वार्ड अध्यक्षस् सदस्य

ज) प्रमुखले तोकेका निजि क्षेत्रका प्रतिनिधि २ जनास् सदस्य

झ) विभिन्न क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व हुने गरी राष्ट्रिय जीवनमा योगदान पुर्याएका व्यक्तिहरु मध्येबाट आयोगद्वारा मनोनीत पाँच जना - सदस्य

ञ) प्रमुख प्रसासकिय अधिकृतस् सदस्य सचिब

**१६) परिषद्को बैठक सम्बन्धी व्यवस्थाः**

(१) परिषद्को बैठक एक अवधिको योजना समाप्त भई अर्को अवधिको लागि तर्जुमा गरिएको योजनामा परामर्श गर्नको लागि बस्नेछ ।

(२) परिषद्को बैठक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्ष र निजको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ ।

(४) आयोगको सचिवले परिषद्को सदस्य-सचिव भई काम गर्नेछ ।

(५) परिषद्को बैठकमा सम्वद्ध पदाधिकारी तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) परिषद्को निर्णय आयोगको उपाध्यक्षले प्रमाणित गर्नेछ ।

(७) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

१७) **नेपाल सरकार प्रदेश सरकार तथा अन्य नियोगहरुसँग सम्पर्क:** आयोगले नेपाल सरकार प्रदेश सरकार तथा अन्य विदेशी नियोगहरुसँग आवश्यकता अनुसार सम्पर्क गर्न सक्नेछ । साथै नेपाल स्थित विदेशी राजदूतावासहरुसंग पनि नेपाल सरकारसंग समन्वय गरी आयोगलाई तोकिएका काम, कर्तव्य तथा अधिकारको प्रयोग गर्न सक्नेछ तर प्रमुखको निर्देशन र जानकारी विना कुनैपनि सदस्यले विदेशी नियोग तथा नेपाल सरकारका निकायहरुसँग आयोग सम्बन्धी विषयमा व्यक्तिगत रुपमा सम्पर्क तथा समन्वय गर्न सकिनेछैन ।

१८) **सहयोग गर्नुपर्ने:** आयोगको काम कारवाहीलाई प्रभावकारी तथा व्यवस्थित बनाउन पोखरा लेखनाथ महानगरपालिका, नगर सभाका सदस्य, नगर कार्यपालिकाका सदस्य, विभिन्न समिति र कर्मचारीहरु समेतले आयोगको आवश्यकता बमोजिम सहयोग गर्नुपर्नेछ ।

१९) **समिति, उप-समिति कार्यदल गठन गर्न सक्ने:** आयोगले आफ्नो काम कारवाहीलाई थप गुणात्मक र प्रभावकारी बनाउन विभिन्न समिति, उप-समिति तथा कार्यदल गठन गरी निश्चित कार्य विवरण, समय र सेवा सुविधा तोकी काममा लगाउन सक्नेछ ।

२०) **सेवा करार वा परामर्श सेवामा काम लगाउन सक्ने:** आयोगले आवश्यकतानुसार कुनै संघ, संस्था, कम्पनी वा फर्ममार्फत सेवा करारमा वा परामर्श सेवा लिई आयोगका कार्यक्षेत्रका कुनै कार्य गर्ने वा त्यस्तो कार्यको जिम्मेवारी तोकी काममा लगाउन सक्नेछ ।

२१) **प्रतिवेदन पेश गर्नुपर्ने:** आयोगले गरेका काम कारवाही सम्बन्धमा मासिक रुपमा प्रगती विवरण अद्यावधिक गरिराख्नुपर्नेछ । आयोगको काम

कारवाही, प्रगती, अवस्था र आयोग सम्बन्धी अन्य विषय सम्बन्धी प्रतिवेदन चौमासिक रुपमा कार्यपालिका बैठकमा पेश गर्नुपर्नेछ साथै कार्यसम्पादनको वार्षिक प्रतिवेदन नगरसभामा पेश गर्नुपर्ने छ ।

**२२) निर्देशिका वा कार्यविधि जारी गर्न सक्ने:** यस नियमावलीको उद्देश्य प्राप्तिका लागि आयोगले आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

**२३) खारेजी र संशोधन:** पोखरा लेखनाथ महानगरपालिका नगर कार्यपालिकाबाट यस नियमावलीमा आवश्यकता अनुसार संशोधन, थपघट वा खारेज गर्न सक्नेछ ।

अनुसूची १

आयोगका पधाधिकारीहरुको सेवा र सुबिधा देहाएबमोजिम हुनेछ

१) आयोगका पधाधिकारी तथा सदस्यहरुले बैठक भत्ता वापत तालिम निर्देशिका अनुसारको भत्ता पाउनेछन् ।

२) उपाध्यक्षलाई मासिक तलव वापत रु नेपाल सरकारको सहसचिव सरहको र सदस्यलाई नेपाल सरकारको उपसचिव सरहको सेवा सुबिधा उपलब्ध गर इनेछ ।

३) इन्धन खर्च बापत उपाध्यक्षलाई मासिक रु १२००० र सदस्यलाई रु ८००० उपलब्ध गराइनेछ ।

४) संचार तथा पत्रपत्रिका खर्च बापत मासिक रु १०००० सचिवालयको लागि उपलब्ध गराइनेछ ।

५) नगर योजना आयोगको कामको सिलसिलामा भ्रमण गर्नु परेमा उपाध्यक्षले सहसचिव सरहको तथा सदस्यले नेपाल सरकारको उप (सचिब सरहको भ्रमण भत्ता पाउनेछन् ।

प्रमाणिकरण मिति : २०७५।०२।१०

प्रकाशन मिति : २०७५।०२।१०

आज्ञाले

दिर्घनारायण पौडेल

प्रमुख प्रशासकिय अधिकृत